# भक्तपुर नगरपालिका
# राजपत्र

भक्तपुर नगरपालिकाद्वारा प्रकाशित

**खण्ड ५ भक्तपुर, श्रावण१गते, २०७८ साल संख्या५**


**भाग१**

**स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी भक्तपुर नगरपालिकाको दशौंनगर सभा २०७८ बाट पारित भएको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागिप्रकाशनगरिएको छ ।**

**सम्वत् २०७८ सालको ऐन**

## भक्तपुर नगरपालिकाको विनियोजन ऐन २०७८

**भक्तपुर नगरपालिकाको आर्थिक वर्ष २०७८/२०७९ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चितकोषबाट केही रकमखर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमाव्यवस्थागर्न बनेको ऐन २०७८**

**प्रस्तावनाः**भक्तपुर नगरपालिकाको आर्थिक वर्ष २०७८।७९ को सेवा र कार्यहरुको लागि सञ्चितकोषबाट केही रकमखर्च गर्ने अधिकार दिन र सो रकमविनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ बमोजिमभक्तपुर नगरपालिकाको दशौं नगर सभाले यो ऐन बनाएको छ ।

१.**संक्षिप्तनाम र प्रारम्भः**(१)यस ऐनको नाम“भक्तपुर नगरपालिकाको विनियोजन ऐन, २०७८” रहेको छ ।

(२) यो ऐन तुरुन्तप्रारम्भ हुनेछ ।

२.**आर्थिक वर्ष २०७८।७९ को निम्ति सञ्चितकोषबाट रकमखर्च गर्ने अधिकारः** (१) आर्थिक वर्ष २०७८।७९ को निम्तिनगरकार्यपालिका, वडा कार्यालय, विषयगतशाखाले गर्ने सेवा र कार्यहरुकानिम्ति अनुसूची १ माउल्लिखितचालू खर्च, पूँजीगतखर्च र वित्तीयव्यवस्थाको रकम समेत गरी जम्मा रकमरु

१,९३,२०,००,०००।- (अक्षेरुपी एक अर्ब त्रियानब्बे करोड बीस लाख रुपैयां मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चितकोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजनः**(१)यस ऐनद्वारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकमआर्थिक वर्ष २०७८।७९ को निम्तिभक्तपुर नगरपालिको नगर कार्यपालिका, वडा कार्यालय र विषयगत समिति/शाखाले गर्ने सेवा र कार्यहरुको निम्तिविनियोजन गरिनेछ ।

(२) उपदफा (१) माजुनसुकै कुरा लेखिएको भएतापनिकार्यपालिका, वडा कार्यालय र विषयगत समिति/शाखाले गर्ने सेवा र कार्यहरुको निम्तिविनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमाअपुगहुने देखिनआएमानगरकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुगहुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वाएकभन्दा बढी शीर्षकहरुबाट अर्को एक वाएकभन्दा बढी शीर्षकहरुमा रकम सार्न तथानिकासा र खर्च जनाउन सकिनेछ । पूँजीगतखर्च र वित्तीयव्यवस्थातर्फ विनियोजित रकम साँवाभुक्तानीखर्च र ब्याजभुक्तानीखर्च शीर्षकमाबाहेक अन्यचालु खर्च शीर्षकतर्फ सार्न र वित्तीयव्यवस्थाअन्तर्गत् साँवाभुक्तानीखर्च तर्फ विनियोजित रकमब्याजभुक्तानीखर्च शीर्षकमाबाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथापूँजिगतखर्च र वित्तीयव्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३)उपदफा (२) माजुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमानगर सभाबाट अनुमोदन गराउनु पर्नेछ ।

अनुसूची-१
(दफा२ सँग सम्बन्धित)
नेपालको संविधानको धारा २२९ (२) बमोजिमभक्तपुर नगरपालिकाको
स्थानीय संञ्चितकोषबाट विनियोजन हुने रकम

| क्र. सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजीगतखर्च | वित्तीयव्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | १ | नगरकार्यपालिका | ४३२०५४८०० | ७५४९१४००० | ० | ११८६९६८८०० |
| २ | २ | वडा कार्यालय | १०००००००० | ५००००००० | ० | ६००००००० |
| ३ | ३ | बिषयगतशाखा | ३४६१६३२०० | ४८६८००० | | ३५१०३१२०० |
| ४ | ४ | ऋण लगानीब्याजभुक्तानी | ० | ० | १४०००००० | १४०००००० |
| ५ | ५ | सामाजिक सुरक्षाभत्ता | ३००००००००० | ० | | ३००००००००० |
| ६ | ६ | शैक्षिक ऋण | | | २०००००००० | २०००००००० |
| | | जम्मा | १०८८२१८००० | ८०९७८२००० | ३४०००००० | १९३२०००००० |

**आज्ञाले**
**(रामलालश्रेष्ठ)**
**प्रमुखप्रशासकीयअधिकृत**

**प्रमाणिकरण मिति : २०७८।३।३०गते**

**मुद्रण : भक्तपुर अफसेट प्रिन्टर्स, फोन नं. ६६१३८८८**